**नीति जेआइइ - गर्भवती विद्यार्थीहरू**

शिक्षा बोर्डले डेनभर पब्लिक स्कूलहरूमा भर्ना भएका गर्भवती विद्यार्थीहरू वा तरूण आमाबाबुहरूको शिक्षाको निरन्तरताको महत्वलाई पहिचान गर्छ र गर्भवती र आफ्ना बच्चाको स्याहारको जिम्मेवारी भएका तरूण आमाबाबुहरू सहित सबै बिद्यार्थीहरूलाई शैक्षिक अवसरहरू प्रदान गर्ने विद्यालय डिस्ट्रिक्टको नीति रहनेछ ।

डिस्ट्रिक्टले कुनै पनि विद्यार्थीलाई विभेद गर्नेछैन र कुनै पनि विद्यार्थीलाई कक्षागत त अतिरिक्त क्रियाकलापहरू समेत, शैक्षिक कार्यक्रमहरू र क्रियाकलापहरूबाट गर्भवती भएकै कारणले वा सो सम्बन्धी स्वास्थ्य (चिकित्सकीय) अवस्थाका कारणले बहिष्कार गर्नेछैन । अन्य सबै स्थितिमा, जस्तै खेलकूद र अतिरिक्त क्रियाकलापमा निरन्तर भाग लिनका लागि डाक्टर र आमाबाबु/आधिकारिक अभिभावकद्वारा सही गरिएको अनुमति फाराम आवश्यक पर्नेछ ।

सुपरिन्टेन्डेन्ट वा उनका प्रतिनिधिले घरमा आधारित शिक्षण, परामर्श वा स्थापित किशोरावस्था कार्यक्रमहरू जस्ता सेवाहरूमा सहभागी हुन दिन गर्भवती विद्यार्थीहरू र तरूण आमाबाबुहरूलाई नीति जेइ, विद्यार्थी उपस्थितिबाट छूट अनुमोदन गर्न सक्नेछन् ।

स्वीकृत : अगस्ट २२, १९७५
सदृश हुनका लागि परिमार्जित : निर्देशिका स्वीकृति गरिएको मिति
परिमार्जित :जुन १९९८

कानुनी सन्दभ : २० यु.एस.सि §§१६८१, १६८२ (टाइटल ९)
३४ सि.एफ.आर. २१(सि)(२)

क्रस सन्दर्भ : जेइ, विद्यार्थी उपस्थिति